प्रदेश सरकार

फोन नं.०८३–५२०२९६

**सामाजिक विकास मन्त्रालय,**

**स्वास्थ्य निर्देशनालय**

**कर्णाली प्रदेश, विरेन्द्रनगर सुर्खेत, नेपाल**

*शिलबन्दी दरभाउपत्र नं. HD/SQ/ २/२०७५/०७६*

सुचना प्रकाशित मिति :– २०७५/१०/२४

यस निर्देशनालय बाट सुचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र **आयुर्वेद औषधी खरिद** गर्नुपर्ने भएकोले इच्छुक दरभाउपत्रदाताहरुले फिर्ता नहुने गरी दरभाउपत्र दस्तुर रु १०००।- (एकहजार रुपैयाँ) यस निर्देशनालयमा बुझाई सोको सक्कल रसिद सहित लिखित निवेदनको साथमा चालु आ.व.को लागि नविकरण भएको दरभाउपत्रदाताको आयुर्वेद औषधीको थोक कारोवार सम्वन्धि औषधी व्यवस्था बिभागबाट लिएको इजाजतपत्र, स्थायी लेखा नम्बर, करचुक्ताको प्रमाणपत्र र मूल्य अभिबृद्धिकर दर्ताप्रमाणपत्रहरूको मान्यता प्राप्त नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्नराखी सम्वन्धित व्यक्ति वा निजको आधिकारीक प्रतिनीधिले यस निर्देशनालयमा निवेदन पेशगरी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

१. इच्छुक योग्य (Eligible) दरभाउपत्रदाताहरुले यस निर्देशनालयबाट आवश्यक जानकारी हासिल गर्न सक्नेछन् ।

२. खरिद गरेका दरभाउपत्र रीतपूर्वक भरी सुचना प्रकाशित भएको दिनले १६ औं दिनको १२:०० बजे भित्र यस निर्देशनालयमा सिलबन्दी गरी दर्ता गराइसक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरू सोहि दिनको २:०० बजे देखि दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा निर्देशनालयमा खोलिनेछ । प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

३. दरभाउपत्र साथ जमानत वापतको रकम रा.बा. बैंक,सुर्खेतमा रहेको, प्रदेश लेखा नियन्त्रक कार्यालय, सुर्खेतको एकल धरौटी खाता नं ४०८०५०२००००० मा जम्मा गरेको सक्कल भौचर वा कम्तीमा ७५ दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) मान्यता प्राप्त वाणिज्य बैंक बाट जारी गरिएको बैक जमानत संलग्न गर्नुपर्नेछ ।

४. दरभाउपत्र भर्दा आइटमवाइजकै रुपमा भर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत गर्दा आइटमकै रूपमा सबैभन्दा न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

५. सार्वजनिक खरीद नियमावली २०६४(संशोधित) को नियम ४०(ड) बमोजिम दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यावसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणपत्र सम्वन्धि कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ ।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलेको दिन कार्यालय समयमा दरभाउपत्र खरीद गर्न, दाखिला गर्ने र खोलिने छ ।

७. दरभाउपत्रदाताले उपलब्ध गराउने आयुर्वेद औषधिहरु प्राविधिक स्पेशिफिकेशन अनुरुप हुनुपर्नेछ ।

८. दरभाउपत्रका साथ पेश गर्ने प्रमाणपत्र तथा आवश्यक सम्पुर्ण कागजातका प्रतिलिपिहरु नेपाल नोटरी पब्लिक परिषद्बाट मान्यताप्राप्त नोटरी पब्लिकबाट प्रमाणित गरिएको पेश गर्नुपर्नेछ ।

९. सप्लाई हुने हरेक औषधिको प्याकिङ्ग बाहिर उत्पादन मिति, एक्सपायर मिति, व्याच नं.तथा **"निशुल्क वितरण"** भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१०. औषधिको उपलब्ध गराउंदा औषधिको निर्माण मितिदेखि म्याद समाप्त (Expiry date) हुने अबधि कम्तिमा ७५ (पचहत्तर) प्रतिशत बांकी रहेको हुनुपर्नेछ ।

११. दरभाउपत्रसाथ विश्वसनीय आयुर्वेदिक कम्पनीका गुणस्तरयुक्त औषधिको नाम औषधि व्यवस्था विभागमा रजिष्टर्ड भएको हुनु पर्नेछ र प्रत्येक औषधिको आयात ईजाजतपत्र, उत्पादन अनुज्ञापत्र र दरभाउपत्रमा जुन साईजको औषधि माग गरिएको छ सोही साईजको नमूना अनिवार्यरुपमा दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । साथै आयुर्वेद औषधि उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गर्नुपर्नेछ । अन्यथा रितपूर्वक मानिने छैन ।

१२. स्वीकृत दरभाउपत्रदाताद्वारा सप्लाई हुने आयुर्वेद औषधिहरुको संवन्धित निकाय वाट नविकरण भएको बजार विक्रि वितरण प्रमाणपत्र तथा चूर्ण वनावटका औषधिहरुको हकमा औषधि व्यवस्था विभाग(राष्ट्रिय औषधि प्रयोगशाला) वा औषधि व्यवस्था विभागद्वारा स्वीकृती प्राप्त प्रयोगशालाबाट माईक्रोवियल लिमिट (Microbial Limit Test) परीक्षण भएको प्रमाण पेश गर्नु पर्नेछ । साथै औषधिहरुको Random sampling गरि यस निर्देशनालयको गुणस्तर समिति तथा विज्ञ टोली वाट समेत गुणस्तर परीक्षण गरिनेछ र गुणस्तरीय औषधि मात्र खरिद गरिनेछ ।

१३. दरभाउपत्र साथ कालोसुचीमा नपरेको भनि स्वघोषणा पत्र, विगत ३ वर्षको (२०७२/०७३ देखि हाल सम्मको ) लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधित सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (पांचौं संशोधन), तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

| खरिद गर्ने आयुर्वेद औषधी आइटमहरु | लागत अनुमान (मु.अ.कर सहित) | बैंक जमानत |
|---|---|---|
| २३ (तेइस) | १२,६०,४५०/०० | ३७,०००/०० |